नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पत्र संख्याः-
चलानी नं.:-

सिंहदरबार,
काठमाडौँ, नेपाल ।

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौँ, नेपाल

मितिः २०७९/१२/२८

## प्रेस विज्ञप्ति।

शैक्षिक सत्र २०८० को विद्यार्थी भर्नाका सम्बन्धमा केही निजी लगानीका विद्यालयहरूले आफूखुसी जथाभावी ढङ्गले शुल्क उठाएको भन्ने सम्बन्धमा विभिन्न माध्यमबाट सार्वजनिक भएका समाचारहरूप्रति यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ । प्रचलित कानूनको अधिनमा रही तोकिएको विधि र प्रकृया पुरा गरी सम्बन्धित स्थानीय तहले स्वीकृत गरिदिएको सीमाभित्र रही तोकिएका शीर्षकहरूमा मात्र निजी लगानीका विद्यालयहरूले शुल्क लिन पाउने व्यवस्थाबारे मन्त्रालय पुनः एकपटक सम्बन्धित सबैलाई स्मरण गराउन चाहन्छ । कुनै पनि विद्यालयले स्वीकृत भएको शुल्कको विषयमा पारदर्शी ढङ्गले सबै अभिभावकहरूलाई जानकारी गराउनु पर्ने र अभिभावकहरूले तोकिएको शुल्कको स्वीकृतिको विषयमा प्रश्न गर्न पाउने तथा त्यस विषयमा विद्यालय रहेको स्थानीय तहमा गुनासो गर्न पाउने व्यवस्था समेत विगतका वर्षहरूदेखि नै अभ्यासमा आइसकेको हुँदा विद्यार्थी भर्ना र शुल्कका विषयमा आफ्ना गुनासोहरू भए सोही अनुसार राख्नुहुन सम्बन्धित अभिभावकहरूलाई जानकारी गराइन्छ ।

यसका साथै शैक्षिक सत्र २०८० मा शुरू हुने विद्यालयमा विद्यार्थी भर्ना अभियानसँगै निजी लगानीका विद्यालयले लिने शुल्क, सार्वजनिक विद्यालयको भर्नासँग सम्बन्धित विषय तथा विद्यालयहरूमा पाठ्यपुस्तकको उपलब्धता र बिक्री वितरणका विषयमा जिल्ला तहमा आवश्यक परामर्श र सहजीकरण समेत गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्र मार्फत् नियमित रूपमा जानकारी पठाउनु हुन समेत सम्बन्धित सबै शिक्षा विकास तथा समन्वय इकाईहरूलाई सूचित गरिन्छ ।

२०७९/१२/२८

(दीपक शर्मा)
सहसचिव एवं प्रवक्ता